# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, जेठ २७ गते २०४८ साल (संख्या ६

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

#### सरकारी रकम असूल फछ्यौंट (पहिलो संशोधन) नियमहरू, २०४८

सरकारी रकम असूल फछ्यौट नियमहरू, २०२७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सरकारी रकम असूल फछ्यौंट ऐन, २०२५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सरकारी रकम असूल फछ्यौंट (पहिलो संशोधन) नियमहरू, २०४८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. सरकारी रकम असूल फछ्यौंट नियमहरू, २०२७ को नियम ८ मा संशोधनः सरकारी रकम असूल फछ्यौंट नियमहरू, २०२७ (यसपछि "मूल नियमावली" भनिएको) नियम ८ को–

(१) उपनियम (३) पछि देहायको उपनियम (३क) थपिएको छः–

"(३क) जुन कार्यालय प्रमुख वा कर्मचारीले गरेको आर्थिक कारोबारमा बेरुज कायम भएको हो सोही कार्यालय प्रमुख वा कर्मचारीले बेरूजु फछ्यौंट गर्नु गराउनु पर्नेछ । त्यस्तो बेरुजु फछ्यौंट गर्नु गराउनु पर्ने कार्यालय प्रमुख वा कर्मचारी आफ्नो कार्यालयबाट सरुवा, बढुवा वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अवकाश भै कार्यालय छाड्नु पर्दा निजले बेरूजु फछ्र्यौट हुन बाँकी रहेको बेरूजु लगत तथा कारोबार सम्बन्धी कारवाहीको सम्पूर्ण विवरण खोली हालवालालाई बुझाउनु पर्नेछ। हालवालाले पनि प्राथमिकता अनुसार बेरूजु फछ्र्यौट गर्नु गराउनु पर्नेछ। बेरूजु नियमितको लागि पेश हुन आएकोमा नियमित गर्ने अधिकारीले पनि समयमै निर्णय दिनु पर्नेछ।"

(२) उपनियम (४) मा रहेका "उपनियम (१), (२) र (३) भन्ने शब्दहरूको सट्टा "उपनियम (१), (२), (३) र (३क)" भन्ने शब्दहरू राखिएका छन्।

३. <u>मूल नियमावलीमा नियम ८क थप</u>: मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क थपिएको छः–

"<u>८क बेरूजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन समिति</u>: (१) बेरूजु फछ्र्यौट मूल्याङ्कन र अनुगमन गरी बेरूजू फछर्यौट सम्बन्धी काम कारवाहीमा प्रभावकारिता ल्याउन श्री ५ को सरकारले बेरूजु फछ्र्यौट मूल्यांकन र अनुगमन समिति गठन गर्नेछ।

(२) उप-नियम (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) मुख्य सचिव वा श्री ५ को सरकारले तोकेको सचिव – अध्यक्ष

(ख) महालेखा नियन्त्रक – सदस्य

(ग) श्री ५ को सरकारले तोकेको व्यक्ति – सदस्य-सचिव

(३) उप-नियम (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) महालेखा परीक्षकको विभागबाट सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागको लेखापरीक्षण गर्दा कायम भएको बेरूजु र बेरूजु फछर्यौट सम्बन्धी काम कारवाहीको लेखाजोखा एवं मूल्याँकन गर्ने,

(ख) कायम भएको बेरूजु कम फछर्यौट गर्ने वा फछर्यौट नगर्ने मन्त्रालय, सचिवालय वा विभागका प्रमुखलाई समितिमा उपस्थित गराई निजसँग छलफल गर्ने,

(ग) कायम भएको बेरूजु फछर्यौट नगर्ने वा नगराउने कार्यालय प्रमुख र कर्मचारीलाई मूल्याँकनको आधारमा कारवाहीको लागि सिफारिश गर्ने,

(घ) सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागलाई बेरूजु फछर्यौट गर्न



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आवश्यक निर्देशन दिने र बेरूजु फछ्र्यौट सम्बन्धी कारवाही शुरू गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ङ) बेरूजु फछ्र्यौट सम्बन्धी काम कारवाहीको सम्बन्धमा प्रत्येक ६ महिनामा सम्बन्धित मन्त्रालय, सचिवालय वा विभागको प्रगति विवरण तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने ।

(४) उप-नियम (१) बमोजिम गठित समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।"

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

श्री ५ को सरकारले सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी पृथ्वी राजमार्गको सडक सीमा राजमार्गको केन्द्रबिन्दुबाट दायाँ बायाँ २५।२५ मिटर तोकिरहेकोमा श्री ५ को सरकारको मिति २०४८।२।२ को निर्णयले सो राजमार्गको नौबिसे मलेखु खण्डको सडक सीमा राजमार्गको केन्द्र-बिन्दुबाट दायाँ बायाँ १५।१५ मिटर कायम गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
पृथुनरसिंह राणा
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग